# अख्तियार दुरुपयोग अनुसन्धान आयोग
## टंगाल, काठमाण्डौ

मिति: २०७४/०३/२० गते

# प्रेस विज्ञप्ति

### विषय: आरोप-पत्र दायर गरिएको ।

---

उद्योग विभाग, त्रिपुरेश्वर काठमाण्डौंमा कार्यरत नायव सुब्बा गोबिन्द प्रसाद कँडेलले नेपालगंज स्थित खड्का ईण्डष्ट्रिज प्रा.लि. नामक पानी उद्योग संचालनका लागि ट्रेडमार्क चिन्ह प्रदान गर्ने सिलसिलामा विभिन्न बहाना देखाई घुस रकम माग गरिरहेको भन्ने उजुरी एवं सूचनाका आधारमा अख्तियार दुरुपयोग अनुसन्धान आयोगको कार्यालय, टंगालबाट खटिई गएको टोलीले निजले मतियार कुशश्री बिश्वकर्मा मार्फत रु.३३,०००/-(तेत्तिस हजार) घुस रकम लिएको अवस्थामा नियन्त्रणमा लिई अनुसन्धान हुंदा निज राष्ट्रसेवक गोबिन्द प्रसाद कँडेलले भ्रष्टाचार निवारण ऐन, २०५९ को दफा ३ को उपदफा (१) बमोजिमको कसूर गरेको पुष्टि हुन आएको हुंदा निजलाई बिगो रु.३३,०००/-(तेत्तिस हजार) कायम गरी भ्रष्टाचार निवारण ऐन, २०५९ को दफा ३ को उपदफा (१) र सोही दफाको उपदफा (१) को देहाय (ख) बमोजिम जरिवाना र कैद सजाय हुन मागदावी लिई आज विशेष अदालत काठमाण्डौमा आरोप-पत्र दायर गरिएको छ ।

साथै कुशश्री विश्वकर्माले घुस/रिसवत वापतको रु.३३,०००/- (तेत्तिस हजार) बुझि लिई नायव सुब्बा गोबिन्द प्रसाद कँडेललाई उपलब्ध गराई सो रकम मध्ये रू.१,०००/- (एक हजार) आफूले समेत लिई भ्रष्टाचार निवारण ऐन, २०५९ को दफा २२ बमोजिमको कसूर गरेको पुष्टि हुन आएको हुंदा निजलाई बिगो रु.३३,०००/-(तेत्तिस हजार) कायम गरी भ्रष्टाचार निवारण ऐन, २०५९ को दफा ३ को उपदफा(१) र सोही दफा र उपदफाको देहाय (ख) अनुसार हुने सजायमा ऐ. ऐनको दफा २२ बमोजिम जरिवाना र कैद सजाय हुन मागदावी लिई आज विशेष अदालत काठमाण्डौमा आरोप-पत्र दायर गरिएको छ ।

(जीवराज कोइराला)
सह-सचिव एवं प्रवक्ता